# सामुदायिक वनको निर्देशिका, २०५२

स्वीकृत मितिः

वन ऐन, २०४९ को दफा ७२ ले दिएको अधिकार प्रयोग गरी वन नियमावली, २०५१ तयार भै मिति २०५१।१२।२० मा ऐन र नियमावली प्रारम्भ भै सकेको हुँदा  उपरोक्त ऐन र नियमावलीमा उल्लेखित सामुदायिक वनको व्यवस्थापन गरी वनको विकास संरक्षण तथा वन पैदावारको उचित सदुपयोग गर्ने उद्देश्यले नेपाल सरकारले वन नियमावली, २०५१ को नियम ६७ ले दिएको अधिकार  प्रयोग गरी देहायको निर्देशिका वनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१)यो निर्देशिकाको नाम " **सामुदायिक वनको निर्देशिका, २०५२**" रहेको छ ।
(२) यो निर्देशिका मिति २०५२ साल असोज १ गते देखि प्रारम्भ हुनेछ ।

२. **परिभाष** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) "नियमावली " भन्नाले वन नियमावली, २०५१ सम्भन्नु पर्छ ।
(ख) "वातावरणमा उल्लेखनिय प्रतिकूल असर" भन्नाले अन्य प्रचलित ऐन कानूनले व्यवस्था गरेको कुराहरुका साथै सम्वन्धित क्षेत्रको अवस्था र प्रकृति समेत सम्भन्नु पर्छ ।

३. **सामुदायिक वनको निर्धारणः** (१) नियमावलीको नियम २६ को उपनियम (२) बमोजिमको जग्गामा रुख विरुवा संरक्षण गरेको वा रुख विरुवा लगाउन चाहेमा अनूसूची १ बमोजिमको ढाँचामा  सम्वन्धित इलाका वन कार्यालय मार्फत वा सोझै वन कार्यालयमा निवेदन दिन सकिनेछ ।
(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा जिल्ला वन अधिकृतले आवश्यक जाँचबुझ गरी नियमावलीमा उल्लेखित  अन्य प्रकृयाहरु पुरा गर्नु पर्ने भए सो गरी अनुसुची -२ बमोजिमको ढाँचामा सामुदायिक वनको रुपमा मान्यता दिएको प्रमाण पत्र दिनु पर्नेछ र सो को जानकारी जग्गाको स्वामित्व भएको संस्थालाई दिनु पर्नेछ ।

४. **उपभोक्ता समूह गठन र सामुदायिक वन सुम्पने प्रकृयाः** नियमावलीको नियम २७ को उपनियम (४) अनुसार उपभोक्ता समूह गठन गर्दा नियम २९ को उपनियम (३) अनुसार सामुदायिक वन सुम्पदा, नियम २९ को उपनियम (४) अनुसार निवेदन प्राप्त भएमा र नियम २९ को उपनियम (५) अनुसार अनुगमन वा मूल्याङ्कन गर्दा देहाय अनुसार गर्नु पर्ने छ ।

(क) वन उपभोक्ता समूह गठन गर्दा एक जिल्लामा उपभोक्ता समूह र अर्को जिल्लामा वन क्षेत्र वा एक जिल्लामा उपभोक्ता समूह र वन क्षेत्र तथा अर्को जिल्लामा पनि उपभोक्ता समूह वा एक जिल्लामा उपभोक्ता समूह र वन क्षेत्र तथा अर्को जिल्लामा पनि वन क्षेत्र हुन सक्ने स्थिति रहेको हुँदा उपभोक्ताहरुले आफू जुन जिल्लामा बसोवास गरेको हो सोही जिल्लाको जिल्ला वन अधिकृत समक्ष निवेदन दिनु पर्नेछ र त्यस्तो निवेदन प्राप्त भए पछि जिल्ला वन अधिकृतले माग गरेको वन क्षेत्र जुन जिल्लासंग सम्वन्धित हो  सोही जिल्लाको जिल्ला वन अधिकृत समक्ष निवेदन पठाउनु पर्नेछ । यस्तो परिस्थितिमा जिल्ला वन अधिकृतले समन्वय राखी कार्य गर्नु पर्नेछ ।
**उदाहरणको लागिः** "क" जिल्लामा उपभोक्ता समूह र "ख" जिल्लामा वन क्षेत्र रहेको अवस्थामा "क" जिल्लाको जिल्ला वन अधिकृत समक्ष उपभोक्ताले निवेदन गर्नु पर्ने र सो निवेदन  "क" जिल्लाको जिल्ला वन अधिकृतले "ख" जिल्लाको जिल्ला वन

अधिकृत समक्ष पठाउनु पर्नेछ । उपभोक्ता समूह गठन र सामुदायिक वन सुम्पने कार्य वन क्षेत्र भएको जिल्लाको जिल्ला वन अधिकृतले गर्नु पर्नेछ ।

(ख) नियमावलीको नियम २९ को उपनियम (४) बमोजिम वन क्षेत्र दुई वा सो भन्दा बढी जिल्ला भित्र पर्ने र उपभोक्ता पनि ति-ति जिल्लामा पर्ने भएमा वा अन्य अवस्था पर्न आएको खण्डमा सम्वन्धित जिल्ला वन अधिकृतले समन्वय कायम गरी कार्य गर्नु पर्नेछ ।

(ग) उपरोक्त खण्डहरु बमोजिम उपभोक्ता समूह दर्ता भएको र सामुदायिक वनको हस्तान्तरण भै सकेपछि दर्ताको प्रमाण पत्र र हस्तान्तरण भएको प्रमाणपत्रको एक एक प्रति र कार्य योजना सम्वन्धित जिल्ला वन कार्यालयहरुमा  अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

(घ) यसरी उपभोक्ता समूह दर्ता भएको र कार्य योजना बमोजिम सुम्पिएको वनमा काम भए-नभएको सम्वन्धमा आफ्नो क्षेत्रभित्रको सम्वन्धित जिल्ला वन अधिकृतले अनुगमन तथा मूल्याङ्कन गरी सो को एक एक प्रति सम्वन्धित जिल्ला वन कार्यालयहरुमा अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

५. **उपभोक्ता समूहको दर्ता** : नियमावलीको नियम २७ को उपनियम ( ) बमोजिम दर्खास्त दिने उपभोक्ता समूह त्यसको विधान अनुरुप गठन भएको नभएको सम्वन्धमा जिल्ला वन अधिकृतले देहायका कुराहरुमा विचार पुऱ्याउनु पर्नेछ :

(क) जुन वन सामुदायिक वनको रुपमा लिन चाहेको हो सो वन कसैलाई हस्तान्तरण गरिसकेको वा  हस्तान्तरण गर्न कारवाही  चलिरहेको छ वा छैन ।

(ख) विधान तयार गर्दा सबै उपभोक्ताहरुको प्रतिनिधित्व भएको छ छैन ।

६. **कार्ययोजना:** (१) नियमावलीको नियम २९ को उपनियम (२) बमोजिम उत्पादन दिने खालका नगदे वाली भन्नाले देहाय बमोजिमको वाली वा यस्तै किसिमको वाली जनाउँछ ।

(क) चिया
(ख) कफि
(ग) सुकुमेल
(घ) अलैची

(२) नियमावलीको नियम २९ बमोजिम निवेदन सहित कार्ययोजना जिल्ला वन अधिकृत समक्ष पेश भएकोमा सम्वन्धित जिल्ला वन अधिकृतले आवश्यक जांचवुझ गर्दा निम्न कुराहरुमा विचार पुऱ्याउनु पर्छ-

(क) प्राविधिक पक्षहरु
(ख) भू-वनोट
(ग) वातावरणीय स्थिति र जङ्गलको स्थिति
(घ) सो वनको वन पैदावार सम्वन्धमा  नेपाल सरकारको कुनै व्यक्ति वा संस्थासंग कुनै करारनामा गरे-नगरेको कुरा ।

(३) नियमावलीको नियम २९ को उपनियम (२) बमोजिम नेपाल सरकारले तोकेका शर्तहरु भन्नाले निम्न कुराहरुलाई जनाउँछ:

(क) ऐन, नियमावली र निर्देशिकामा उल्लिखित भएका व्यवस्थाहरु
(ख) उपभोक्ता समूहको दर्ता, सामुदायिक वनको कार्ययोजनामा उल्लिखित भएका व्यवस्थाहरु

(ग) उपभोक्ता समूहले पालना गर्नेछु भनी उल्लेख गरेका व्यवस्थाहरु

(घ) नेपाल सरकारले ऐन, नियमावली र निर्देशिकाका अन्तर्गत रकी गरेका व्यवस्थाहरु

(ङ) सामुदायिक वन सुम्पनु पूर्व नेपाल सरकारले कुनै व्यक्ति वा संस्थासंग वन पैदावारको सम्वन्धमा कुनै करारनामा गरेको स्थितिमा सो करारनामाको म्याद रहेसम्म सोही करारनामा बमोजिम हुने गरी वन कार्ययोजनामा समावेश हुने व्यवस्था

७. **लगत:** नियमावलीको नियम ३० बमोजिम लगत राख्दा र पठाउँदा त्यसको चार किल्ला उल्लेख हुने गरी बनाइएको नक्शा समेत पठाउनु पर्नेछ ।

८. **उद्योग संचालन:** (१) नियमावलीको नियम ३२ को उपनियम (४) बमोजिम जिल्ला वन अधिकृतले उद्योग संचालन गर्न सिफारिस दिनु पूर्व निम्न कुराहरुमा विचार पुऱ्याएर मात्र सिफारिस गर्नु पर्नेछ :

(क) उपभोक्ता समूह सो उद्योग संचालन गर्न व्यवस्थापन पषमा समर्थवान छ कि छैन

(ख) उद्योग संचालन गर्न सामुदायिक वनको कार्ययोजना बमोजिम प्राप्त हुने वन पैदावार यथेष्ट रुपमा पुग्छ वा पुग्दैन ।

(ग) उत्पादित वस्तुको विकी वितरण सम्वन्धी व्यवस्था ।

(घ) विकी वितरणबाट प्राप्त रकमको खर्च सम्वन्धी व्यवस्था ।

(२) एकभन्दा बढी उपभोक्ता समूहहरु आपसमा मिलि त्यस्तो उद्योग संचालन गर्न सिफारिस माग गरेमा उपदफा (१) मा उल्लिखित व्यवस्थाका अतिरिक्त निम्न कुराहरुमा विचार पुऱ्याई सिफारिस गर्नु पर्नेछ :

(क) कुन कुन उपभोक्ता समूहले कार्ययोजना बमोजिम प्राप्त हुने कति कति वन पैदावार उपलव्ध गराउने ।

(ख) विक्रीबाट आर्जन भएको रकम कसरी एक आपसमा वितरण गर्ने ।

९. **टाँचा:** (१)उपभोक्ता समूहको नाम समेत नदोहोरियोस भन्ने उद्देश्यले प्रत्येक जिल्ला वन अधिकृतले अनुसुची-३ बमोजिमको प्रकृया अनिवार्य रुपमा अवलम्वन गर्नु पर्नेछ ।

(२) कुनै उपभोक्ता समूहले नियमावलीको नियम ३४ अनतर्गत टाँचा दर्ता गराइ पाऊँ भनी निवेदन दिएकोमा टाँचाको नाम दोहोरो नपर्ने गरी टाँचा दर्ता गर्नु पर्ने भएकोले र टाँचाका विवरणहरु सम्पूर्ण जिल्लामा जानकारी गराउनु पर्ने र विभागमा समेत जानकारी राख्नु पर्ने हुँदा अनुसूची-४ बमोजिमको टाँचा दर्ता गर्नु पर्नेछ ।

**१०.वन पैदावारको ओसार पसार:**(१) नियमावलीको नियम ३५ को उपनियम (२) र (३) बमोजिम कम्तिमा २४ घण्टा अगावै सम्वन्धित वन कार्यालयमा जानकारी दिएर मात्र वन पैदावार ओसार पसार गर्दा नियमावलीको अनुसूची-१७ बमोजिमको रसिदमा अनुसूची -५ बमोजिमको उपभोक्ता समूहको छाप अनिवार्य रुपमा लगाइएको हुनु पर्छ ।

**११. लेखा जाँचबुझ गर्ने:** नियमावलीको नियम ३६ को उपनियम (३) बमोजिम पेश हुन आएको लेखा परिक्षण प्रतिवेदनमा आवश्यक परेमा वा कुनै व्यक्ति वा संस्थाले उपभोक्ता समूहको हिसावको सम्वन्धमा कुनै लिखित उजुरी दिएको खण्डमा जिल्ला वन अधिकृतले सम्वन्धित उपभोक्ता समूहको हिसाव किताव जांचबुझ गर्न सक्नेछ ।

१२.**<u>सामुदायिक वन फिर्ता लिने</u>:** (१) नियमावलीको नियम ३६ को उपनियम (१) बमोजिम लिखित जानकारी प्राप्त भएको खण्डमा सो प्राप्त भएको मितिले बढीमा ४८ घण्टा भित्र कम्तीमा राजपत्र अनंकित प्रथम स्तरको प्राविधिक कर्मचारीलाई सो क्षेत्रमा खटाउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम खटिएको कर्मचारीले बाटोको म्याद बाहेक ७ दिन भित्र जिल्ला वन कार्यालयमा  जाँचबुझ गरी प्रतिवेदन पेश गरी सक्नु पर्नेछ । यसरी ७ दिन भित्र प्रतिवेदन पेश गर्न नसक्ने लिखित जानकारी दिएकोमा सो उचित देखिएमा पटक पटक गरी वा एकै पटक बढीमा ७ दिन सम्मको म्याद जिल्ला वन अधिकृतले थप दिन सक्नेछ । सो थपिएको म्यौ भित्रै खटिएको कर्मचारीले प्रतिवेदन दिनु निजको कर्तव्य हुनेछ ।

(३) उपदफा (२) बमोजिम प्रतिवेदन प्राप्त भएपछि कार्ययोजना विपरित कार्य भएको देखेमा जिल्ला वन अधिकृतले बृक्षारोपण र संरक्षण कार्य वाहेकका अन्य व्यवस्थाहरु कार्यान्वयन नगराउन सम्वन्भित उपभोक्ता समूहलाई लिखित आदेश दिन सक्नेछ  । साथै नियमावलीको नियम ३७ को उपनियम (१) को खण्ड (क) बमोजिम स्पष्टिकरण माग गर्नु पर्नेछ ।

(४) सम्वन्धित उपभोक्ता समूहले पेश गरेको स्पष्टिकरण प्राप्त भएपछि नियमावलीको नियम ३७ को उपनियम (१) को खण्ड (ख) बमोजिम स्पष्टिकरण प्राप्त भएको मितिले बढीमा १५ दिन भित्र वन फिर्ता लिने वा नलिने र दर्ता खारेज गर्ने वा नगर्ने निर्णय गर्नु पर्नेछ ।

(५) नियमावलीको नियम ३७ को उपनियम (१) को खण्ड (ख) बमोजिम निर्णय गरेपछि सो सामुदायिक वनको सुरक्षा र सम्वर्द्धन सम्वन्धित जिल्ला वन कार्यालयले गर्नु पर्नेछ ।

अनुसूची १
(दफा ३ को उपदफा (१) संग सम्वन्धित)

**सामुदायिक वन दर्ताको लागि दिइने निवेदन**

श्री जिल्ला वन अधिकृत ज्यू,
जिल्ला वन कार्यालय..................
...........................।

वन ऐन, २०४९, वन नियमावली, २०५१ र सामुदायिक वनको निर्देशिका, २०५२ को अधिनमा रही संलग्न वन कार्ययोजना अनुसार देहायको सार्वजनिक जग्गामा वृक्षारोपण गरी संरक्षण गरिरहेको हुँदा/वृक्षारेपण गरी व्यवस्थापन र सदुपयोग गर्न चाहेकोले यस उपभोक्ता समूहलाई हस्तान्तरण गर्नुहुन जग्गाको स्वामित्व रहेको संस्थाको स्वीकृति भएको पत्र सहित यो निवेदन पेश गरेका छौ ।

(क) प्रश्तावित सामुदायिक वनको विवरण
नामः
चार किल्लाः
क्षेत्रफलः
कि. नं.:
जग्गाको स्वामित्व रहेको संस्थाको नामः
वृक्षारोपण भएको मितिः

(ख) वन्यजन्तु छ छैन? छन् भने कुन कुन जातका वन्यजन्तु छनः

निवेदक

. . . . . . . . . . . . . .
उपभोक्ता समूहको तर्फबाट

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |

मितिः

---

अनुसूची-२
(दफा ३ को उपदफा (२) संग सम्वन्धित)

## सामुदायिक वन दर्ता गरी मान्यता दिएको प्रमाण पत्र

नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
वन विभाग
जिल्ला वन कायालय......

श्री. . . . . . . . . . . . . उपभोक्ता समूह
. . . . . . . . . . . . .
. . . . . . . . . . . . . . . ।

वन ऐन, २०४९, वन नियमावली, २०५१ र सामुदायिक वनको निर्देशिका, २०५२ को अधिनमा रही देहायको क्षेत्र यसैसाथ संलग्न कार्ययोजना बमोजिम व्यवस्थापन गरी सदुपयोग गर्न सामुदायिक वनको रुपमा मान्यता दिइएको छ ।

(क) सामुदायिक वनको विवरण
नामः
चार किल्लाः
क्षेत्रफल::
जग्गाको स्वामित्व रहेको संस्थाको नामः

प्रमाणपत्र दिने जिल्ला वन अधिकृतको
नाम, थरः
दस्तखतः
मितिः

द्रष्टव्यः यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पच्चीस रुपैया दस्तुर लाग्नेछ ।

अनुसूची-३
(दफा ९ को उपदफा (१) संग सम्वन्धित)

## National Database Code

प्रत्येक वन उपभोक्ता समूहको छुट्टै कोड राख्नु पर्नेछ । एक वन उपभोक्ता समूहको कोड अर्को वन उपभोक्ता समूहसँग नदोहोरियोस भन्ने उद्देश्यले कोड राख्ने प्रकृया निम्न बमोजिम तय गरिएको छ :

१. जिल्लाको ३ वटा अक्षर राख्नु पर्दछ (जिल्लाको कोड तल दिइएकोछ )
२. रेन्जपोष्टको २ वटा अक्षर राख्नु पर्दछ र २ वटा अक्षर राख्दा अर्को रेन्जपोष्टको पनि उही २ वटा अक्षर भएमा उपयुक्त २ वटा अक्षर राख्नु पर्नेछ ।
३. आफ्नो जिल्लामा भएका सवै गा. वि. स. हरुलाई नम्वर राख्ने जस्तो १,२,३,.. र जुन गा. वि. स. मा सम्वन्धित वन उपभोक्ता समूह पर्दछ त्यो गा. वि. स. को कोडमा राख्नु पर्दछ ।

४. वन कार्ययोजना नम्वर राख्दा एउटा गा. वि. स. को १ देखि राख्ने र अर्को गा. वि. स. मा फेरी १ नम्वरदेखि शुरु गर्नु पर्दछ ।

वन उपभोक्ता समूहको कोडको उदाहरण:

Nuw/BI/27/01

Nuw = Nuwakot
BI =Bidur Rangepost
27 =Bidur Nagar Palika
01 =वन उपभोक्ता समूहको कार्य योजना नम्बर

District Codes


| District | code | District | code |
|---|---|---|---|
| 1. **Achham** | ACH | 46. **Myagdi** | MGD |
| 2. **Arghakhanchi** | ARG | 47. **Nawalparasi** | NAW |
| 3. **Baglung** | BAG | 48. **Nuwakot** | NUW |
| 4. **Baitadi** | BAI | 49. **Okhaldhunga** | OKH |
| 5. **Bajhang** | BAH | 50. **Palpa** | PAL |
| 6. **Bajura** | BAJ | 51. **Panchthar** | PAN |
| 7. **Banke** | BAK | 52. **Parbat** | PBT |
| 8. **Bara** | BAR | 53. **Parsa** | PAR |
| 9. **Bardiya** | BAD | 54. **Pyuthan** | PUT |
| 10. **Bhaktapur** | BHA | 55. **Ramechhap** | RAM |
| 11. **Bhojpur** | BJP | 56. **Rasuwa** | RAS |
| 12. **Chitwan** | CHI | 57. **Rautahat** | RAU |
| 13. **Dadeldhura** | DAD | 58. **Rolpa** | ROL |
| 14. **Dailekh** | DAI | 59. **Rukum** | RUK |
| 15. **Dang** | DAN | 60. **Rupandehi** | RUP |
| 16. **Darchula** | DAR | 61. **Salyan** | SAL |
| 17. **Dhading** | DHA | 62. **Sankhuwasabha** | SSB |
| 18. **Dhankuta** | DHK | 63. **Saptari** | SAP |
| 19. **Dhanusa** | DNS | 64. **Sarlahi** | SAR |
| 20. **Dholkha** | DOL | 65. **Sindhuli** | SIN |
| 21. **Dolpa** | DPA | 66. **Sindhupalchok** | SDP |
| 22. **Doti** | DOT | 67. **Siraha** | SIR |
| 23. **Gorkha** | GOR | 68. **Solukhumbu** | SOL |
| 24. **Gulmi** | GUL | 69. **Sunsari** | SUN |
| 25. **Humla** | HUM | 70. **Surkhet** | SUR |
| 26. **Ilam** | ILM | 71. **Syangja** | SYA |
| 27. **Jajarkot** | JAJ | 72. **Tanahu** | TAN |
| 28. **Jhapa** | JPA | 73. **Taplejung** | TAP |
| 29. **Jumla** | JUM | 74. **Terhathum** | TTN |
| 30. **Kailali** | KAI | 75. **Udayapur** | UDA |
| 31. **Kalikot** | KAL | | |
| 32. **Kanchanpur** | KAN | | |
| 33. **Kapilvastu** | KAP | | |
| 34. **Kaski** | KAS | | |
| 35. **Kathmandu** | KAT | | |

| | | | |
|---|---|---|---|
| 36. **Kavrepalanchok**<br>37. **Khotang**<br>38. **Lalitpur**<br>39. **Lamjung**<br>40. **Mahottari**<br>41. **Makwanpur**<br>42. **Manang**<br>43. **Morang**<br>44. **Mugu**<br>45. **Mustang** | KAB<br>KHO<br>LAL<br>LAM<br>MAH<br>MAK<br>MAN<br>MOR<br>MUG<br>MUS | | |

अनुसूची ४

(दफा ९ को उपदफा (२) संग सम्वन्धित)

## **वन उपभोक्ता समूहको टाँचाको नमूना**




डाइमिटर १.४(३.५ सी. एम.) इन्चको गोलाकारमा वीचमा सामुदायिक वनको लोगो राख्ने र चारैतिर निम्नानुसार National Database अनुसार Code राख्ने

(क) जिल्ला Code

(ख) गा. वि. स. Code

(ग) रेन्जपोष्ट Code

(घ) वन कार्ययोजना Code

अनुसूची ५
दफा १० संग सम्वन्धित
वन उपभोक्ता समूहको छापको नमूना

डाइमिटर १.४(३.५ सी. एम.) इन्चको गोलाकारमा वीचमा सामुदायिक वनको लोगो राख्ने र चारैतिर उपभोक्ता समूहको  नाम (समिति होइन), स्थान, जिल्ला र स्थापना साल( हस्तान्तरण साल) राख्ने ।